काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २७७ ❐ आइतवार, ३ साउन, २०८३ ❐ Sunday, 19 July 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

प्रदेशमा कांग्रेससँग सहकार्यको पक्ष– विपक्षमा नेकपाका नेताहरू

❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, २ साउन

कर्णाली प्रदेश सरकारको सत्ता समीकरण फेरिने सम्भावना बलियो बन्दै जाँदा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) भित्रै नयाँ बहस सुरु भएको छ। मुख्यमन्त्री यामलाल कँडेलविरुद्ध नेपाली कांग्रेससँग मिलेर अविश्वासको प्रस्ताव दर्ता गरिएपछि पार्टीका शीर्ष नेताहरूले सार्वजनिक रूपमा फरक-फरक धारणा राख्न थालेका छन्। कतिपय नेताहरू कांग्रेससँगको सहकार्यलाई पार्टीको नीति विपरीत भएको बताइरहेका छन् भने केही नेताहरू भने प्रदेशको बदलिएको राजनीतिक परिस्थितिलाई मध्यनजर गर्दै आवश्यक निर्णय लिनुपर्ने पक्षमा देखिएका छन्। कर्णालीमा सत्ता परिवर्तनको प्रक्रिया सुरु भएसँगै नेकपाभित्र देखिएको यो मतभेदले प्रदेशको राजनीतिलाई मात्र होइन केन्द्रको राजनीतिक समीकरणलाई समेत प्रभावित पार्ने संकेत देखिएको छ।

नेकपाका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले पार्टीले सत्ता परिवर्तनको खेलमा नलाग्ने निर्णय गरिसकेको अवस्थामा कर्णालीमा कांग्रेससँग मिलेर सरकार परिवर्तनको प्रक्रिया अघि बढाइनु उचित नभएको बताएका छन्। उनले सामाजिक सञ्जालमार्फत पार्टीको केन्द्रीय कमिटीले गरेको निर्णय स्मरण गराउँदै अहिलेको परिस्थितिमा प्रदेश सरकार परिवर्तनभन्दा राजनीतिक स्थायित्वलाई प्राथमिकता दिनुपर्ने धारणा सार्वजनिक गरेका छन्। श्रेष्ठले प्रदेश सरकार सञ्चालनका लागि चारवटा सम्भावित विकल्पसमेत अघि सारेका छन्। पहिलो विकल्पका रूपमा उनले कांग्रेस र एमालेले नै बाँकी कार्यकालसम्म सरकार सञ्चालन गर्नुपर्ने बताएका छन्। यदि दुवै दलले संयुक्त रूपमा अनुरोध गरे अर्को निर्वाचनसम्म सहमतिमा सरकार सञ्चालन गर्न सकिने उल्लेख गरेका छन्।

उनको अर्को महत्वपूर्ण भनाइ भने यस्तो छ, यदि कांग्रेस र एमालेबीच सरकार सञ्चालन असम्भव भएको हो भने प्रदेशसभा विघटन वा मध्यावधि निर्वाचनतर्फ मुलुक जान नदिन मात्रै आवश्यक राजनीतिक सहकार्य हुन सक्छ। तर कम्युनिस्ट आन्दोलनको हितविपरीत कांग्रेससँग स्थायी सत्ता सहकार्य गर्ने पक्षमा आफू नरहेको उनको संकेत छ।

यस्तै नेकपाका प्रभावशाली नेता शक्तिबहादुर बस्नेतले पनि कर्णालीमा कांग्रेससँग मिलेर सरकार परिवर्तनको प्रक्रिया अघि बढाइनुलाई हतारोको संज्ञा दिएका छन्। उनले सामाजिक सञ्जालमार्फत अहिलेको अवस्थामा प्रदेश सरकारमा सहभागी हुने विषयभन्दा पनि राजनीतिक स्थिरता र राष्ट्रिय मुद्दामा केन्द्रित हुनुपर्ने बताएका छन्। उनको प्रश्न छ, प्रदेश सरकारमा सहभागिता जनाउने विषयमा यति धेरै हतारो किन गर्नु परेको होला ? बस्नेतको भनाइलाई पार्टीभित्र सरकार निर्माण प्रक्रियाप्रति देखिएको असन्तुष्टिका रूपमा हेरिएको छ।

यस्तै नेकपा कर्णाली प्रदेश सह-इञ्चार्ज टेकबहादुर बस्नेतले पनि कांग्रेससँग सहकार्य

बाँकी पृष्ठ २



अविश्वास प्रस्तावपछि बढ्यो राजनीतिक तरंग

मुख्यमन्त्री यामलाल कँडेल नेतृत्वको सरकारबाट कांग्रेसका चार मन्त्रीले सामूहिक राजीनामा दिएपछि नेकपा र कांग्रेसका सांसदहरूले प्रदेशसभामा अविश्वासको प्रस्ताव दर्ता गराएका थिए। उक्त प्रस्तावमा नेकपाका ११ जना र कांग्रेसका पाँच जना सांसदले हस्ताक्षर गरेका छन्। प्रस्तावमा कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीलाई नयाँ मुख्यमन्त्री बनाउने उल्लेख गरिएको छ। यही घटनापछि नेकपाभित्र सरकार परिवर्तनलाई लिएर खुला बहस सुरु भएको हो।

एमाले–कांग्रेस गठबन्धन किन टुट्यो ?

२०७२ को संविधान कार्यान्वयनपछि प्रदेश सरकारहरूमा विभिन्न चरणमा सत्ता समीकरण फेरिँदै आएको छ।

कर्णालीमा २७ चैत २०८० मा तत्कालीन माओवादी केन्द्रको समर्थनमा एमालेका यामलाल कँडेल मुख्यमन्त्री बनेका थिए। त्यसपछि २०८१ असारमा एमाले र कांग्रेसबीच केन्द्रमा भएको सहमतिअनुसार प्रदेश सरकारमा पनि नयाँ गठबन्धन बनेको थियो।

दुई दलबीच आलोपालो सरकार सञ्चालन गर्ने सहमति भए पनि कांग्रेसले अब आफ्नो नेतृत्वमा सरकार बन्नुपर्ने अडान राख्दै आएको थियो। कांग्रेसका एक नेताको दाबी अनुसार मुख्यमन्त्री कँडेलले समयमै पद हस्तान्तरण नगरेकाले अविश्वासको प्रस्ताव दर्ता गर्नुपरेको हो। एमाले भने कांग्रेसले केन्द्रसँग आवश्यक समन्वय नगरी हतारमा गठबन्धन परिवर्तन गरेको दाबी गरिरहेको छ।

भौतिक पूर्वाधारमन्त्री लम्सालद्वारा कर्णाली राजमार्ग र करिडोरको अनुगमनमा



❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, २ साउन

सङ्घीय सरकारका भौतिक पूर्वाधार मन्त्री सुनिल लम्साल कर्णाली र ाजमार्गको अनुगमनमा निस्किएका छन्।

शुक्रबार वीरेन्द्रनगरदेखि उनी माथिल्लो कर्नालीतर्फ लागेका छन् । रास्वपाका सांसद रमेश कुमार सापकोटाका अनुसार, लम्सालले ५ दिनमा कर्णाली राजमार्ग, कर्णाली करिडोरसहित सडकको अनुगमन गर्नेछन्। शुक्रबार वीरेन्द्रनगरको बांगेसिमलबाट सुरु हुने कर्णाली र ाजमार्ग हुँदै कालिकोट पुग्ने कार्यतालिका छन् ।

कर्णाली राजमार्ग मृत्युमार्ग बनेको भन्दै आलोचना भइरहेको बेला पहिलो पटक केन्द्रका भौतिकमन्त्रीको अनुगमनले राजमार्ग सुधार आउने अपेक्षा गरिएको छ। अनुगमन टोलीमा सडक विभागका अधिकारीहरू सहभागी छन्।

बाढीपहिरोका कारण छ मुख्य राजमार्ग अवरुद्ध

❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, २ साउन

अविरल वर्षाका कारण देशका विभिन्न स्थानमा बाढी र पहिरो जाँदा छ वटा मुख्य राजमार्ग अवरुद्ध भएका छन्।

नेपाल प्रहरीका अनुसार खुर्कोट-नेपालथोक-कटुन्जेबँसी सडक, कान्ति लोकपथ, मेची राजमार्ग, सालझन्डी-ढोरपाटन सडक, अरनिको राजमार्ग तथा कालीगण्डकी करिडोरमा पहिरो खस्दा यातायात पूर्ण रूपमा प्रभावित भएको हो।

अरनिको राजमार्गअन्तर्गत सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-४ जिरोकिलो क्षेत्रमा पहिरो खसेपछि उक्त सडकखण्ड पूर्ण रूपमा अवरुद्ध भएको



प्रहरीले जनाएको छ। त्यसैगरी, बागलुङको जैमिनी नगरपालिका-८ बेलबगरमा पहिरो खस्दा कालीगण्डकी करिडोरमा पनि सवारी आवागमन रोकिएको छ।

प्रहरीले अवरुद्ध सडक खुलाउने प्रयास जारी रहेको जनाएको छ। साथै, अत्यावश्यक बाहेकको यात्रा नगर्न तथा यात्रा गर्नुपरेमा सडकको अवस्थाबारे सम्बन्धित निकायबाट जानकारी लिएर मात्र यात्रा गर्न सर्वसाधारणलाई आग्रह गरिएको छ।

यसैबीच, जल तथा मौसम विज्ञान विभागले आज र भोलि देशका विभिन्न स्थानमा मुसलधारे वर्षाको सम्भावना रहेको जनाएको छ।

विभागले नदी तथा खोलामा पानीको बहाव बढ्न सक्ने, बाढी, पहिरो र डुबानको जोखिम रहने भएकाले उच्च सतर्कता अपनाउन सबैलाई अनुरोध गरेको छ।

कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं ।

कृषि पेशा प्रति सम्मान र गौरव गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

सम्पादकीय

हतारको सत्ता फेरबदल, राजनीतिक स्थायित्वमा प्रश्न

कर्णाली प्रदेशको सत्ता समीकरण फेरिने प्रक्रियासँगै नेपाली कम्युनिस्ट पार्टी (नेकपा) भित्र देखिएको मतभेदले एउटा गम्भीर राजनीतिक प्रश्न उठाएको छ, के सत्ता परिवर्तन राजनीतिक आवश्यकता हो, वा केवल सत्ता प्राप्तिको प्रतिस्पर्धा ? मुख्यमन्त्री यामलाल कँडेलविरूद्ध अविश्वासको प्रस्ताव दर्ता भएपछि कांग्रेस र नेकपाको सहकार्यले प्रदेशको राजनीति नयाँ मोडमा पुगेको छ । तर त्यससँगै नेकपाकै वरिष्ठ नेताहरू नारायणकाजी श्रेष्ठ, शक्तिबहादुर बस्नेत, टेकबहादुर बस्नेत र नरेश भण्डारीले सार्वजनिक रूपमा व्यक्त गरेका असन्तुष्टिले यो निर्णय पार्टीभित्र नै सर्वस्वीकार्य नभएको स्पष्ट संकेत दिएको छ । उनीहरूको साझा चिन्ता एउटै छ, पार्टीको घोषित नीति र राजनीतिक अभ्यासबीच किन यति ठूलो अन्तर देखियो?

संघीय लोकतान्त्रिक व्यवस्थामा सरकार परिवर्तन अस्वाभाविक होइन । तर सरकार परिवर्तनको प्रक्रिया स्पष्ट राजनीतिक आधार, दलभित्रको सहमति र केन्द्र प्रदेशबीचको समन्वयमा आधारित हुनुपर्छ । यदि दलको आधिकारिक नीति नै सत्ता केन्द्रित राजनीतिभन्दा संगठन निर्माण र वैचारिक अभियानमा केन्द्रित रहने हो भने त्यसको विपरीत देखिने कदमले स्वाभाविक रूपमा प्रश्न जन्माउँछ । कांग्रेसले आलोपालो नेतृत्वको सहमति कार्यान्वयन नभएकाले सरकार परिवर्तन अपरिहार्य भएको तर्क गरिरहेको छ । अर्कोतर्फ एमालेले केन्द्रसँग आवश्यक समन्वय नगरी हतारमा गठबन्धन परिवर्तन गरिएको आरोप लगाइरहेको छ । यी दुवै दाबी राजनीतिक रूपमा परीक्षण हुने विषय हुन् । तर एउटा तथ्य भने स्पष्ट छ, जनताले दलहरूबाट सत्ता समीकरणको निरन्तर खेलभन्दा स्थिर सरकार, प्रभावकारी सेवा प्रवाह र विकास निर्माणको अपेक्षा गरेका छन् ।

प्रदेश सरकारको नीति तथा बजेट पारित भइसकेको अवस्थामा फेरि सरकार परिवर्तनको बहसले प्रशासनिक निरन्तरता र विकास योजनाको कार्यान्वयनमा असर पार्ने सम्भावना पनि उत्तिकै रहन्छ । सरकार परिवर्तन गर्ने अधिकार दलहरूसँग भए पनि त्यसको औचित्य र समयको उचित मूल्यांकन हुनु आवश्यक हुन्छ । आज कर्णालीको आवश्यकता राजनीतिक अस्थिरता होइन, सुशासन, विकास र जनविश्वासको संरक्षण हो । दलहरूले अल्पकालीन सत्ता लाभभन्दा दीर्घकालीन राजनीतिक विश्वसनीयतालाई प्राथमिकता दिन सके मात्र लोकतन्त्रप्रति जनताको भरोसा बलियो बन्न सक्छ । सत्ता परिवर्तनको प्रत्येक निर्णय जनताको हित, राजनीतिक स्थायित्व र दलभित्रको लोकतान्त्रिक प्रक्रियालाई केन्द्रमा राखेर गरिनुपर्छ । अन्यथा सत्ता फेरिने क्रम चलिरहला, तर जनअपेक्षा फेरि पनि अधुरै रहनेछ ।

कांग्रेसका 'पाँचौँ तारा'

कहाँ छन् अहिले ? के छ पारा ?



✍ बद्री सिग्देल

नेपाली कांग्रेस लामो राजनीतिक अभ्यासबाट अगाडि बढेको दल हो भन्नेमा कुनै शङ्का छैन । त्यो लामो श्रृङ्खला नेपाली कांग्रेसमा जोडिएका सबै मानिस राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र र प्रजातान्त्रिक समाजवादको आदर्श र उद्देश्यका थिएनन् । थुप्रै सिद्धान्तवादी र केही अवसरवादीका आआफ्ना मोर्चाबन्दी चलिरहे ।

नेतृत्व सिद्धान्तवादीदेखि अवसरवादीसम्मका निम्ति साझा हुनुपर्ने थियो। तर, स्वार्थहरुको टकरावका बीच सिद्धान्तवादीहरुलाई अवसरवादीहरुले पारस्त गर्दै आए । केवल नेपाली कांग्रेसमा मात्रै होइन, देशका जुनसुकै दल, विचार, संस्था वा संगठन नै किन नहुन्, हाम्रो समाजको चरित्र जस्तो छ, तिनीहरुको बनावट पनि त्यहीअनुसार हुने नै भयो ।

यदि अहिल्यै, यी पङ्क्ति लेख्दालेख्दै शेरबहादुर देउवा टुप्लुक्क अगाडि आइपुग्नुभयो भने पंक्तिकारलाई सोधिहालौँ जस्तो लागेको एउटा प्रश्न छ-'सभापतिज्यू, ती सुकिलामुकिला मान्छे आज कहाँ छन्, जो मान्छे अगाडि परेपछि हामीजस्ता तपाईंले राम्रोसँग चिन्ने पत्रकार पनि साइड लगाइन्थ्यौँ ?'

पत्रकारिता जीवनको प्रायः समय नेपाली कांग्रेसलाई नजिकबाट नियकालेका आधारमा, त्यो पार्टी र त्यसका नेतृत्वसँग भएका अनेकौँ भलाकुसारीका कारण यस्ता जिज्ञासा स्वाभाविक हुन्छन् । शेरबहादुर देउवा लामो विदेश बसाइँमा भएका कारण उहाँलाई को कहाँ छन् र के गर्दैछन् भन्ने कुराको जानकारी कम हुनसक्छ ।

हामीचाहिँ देशमै बसेर हेरिरहेका छौँ, त्यस्ता बहुरुपी, अवसरवादीहरु आज 'आ-आफ्नो बाटो' लागिसके । किनभने, देउवासँग अब त्यस्तो शक्ति वा सत्ता रहेन, जुन हिजो थियो । आज कांग्रेसको पार्टीसत्ता र शक्ति जहाँ केन्द्रित छ, ती महाशयलाई त्यतै देखिन्छ । किनभने, उनीहरु राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र र प्रजातान्त्रिक समाजवादका प्रतीक मानिने कांग्रेसका चार ताराभन्दा फरक तारा हुन् ।

ती पाँचौँ तारा केवल आकाशमा मात्रै होइन, पातालमा पनि चम्किनसक्ने खुबीका छन् । सिद्धान्तभन्दा बलिया छन् । त्यसैले सिद्धान्तवादीहरु त शेरबहादुरकै साथमा छन्, रहिरहने छन् । किनभने, शेरबहादुर देउवा नेपाली कांग्रेसको वैधानिक तथा निर्विवाद महाधिवेशनबाट निर्वाचित सभापति हो ।

विधिले बनाएको सभापतिलाई विधिले हटाउनुपर्थ्यो तर, छलछाम गरेर, पर्दापछाडिका 'मिटिङ' र 'सेटिङ' द्वारा हटाइएका कारण विधिपक्षधर, अर्थात् नेपाली कांग्रेस संस्थापक्षीय नेता-कार्यकर्ता देउवाको विधिसम्मत् वहिगर्मनका पक्षमा आज पनि छन् । हिजोका अन्यायविरुद्ध आजसम्म उनीहरु लडिरहेका छन् । लडिरहने पनि छन् ।

माथि भनिएका ती कांग्रेसले त गुँड सारिसके । उनीहररूको विशेषता भनेकै सत्तारूढ, बलिया र शक्तिशाली व्यक्तिको अधिपछि कुदुनु हो । राजा हुन् कि नेता, जो शक्तिमा हुन्छ-- त्यहाँ यो वर्ग पुग्छ नै । भन्, कांग्रेसजस्तो उदारवादी पार्टिमा यस्ता बहुरूपिया पुग्ने नै भए ।

राणा, राजा, पञ्च, माओवादीसम्मको आतंक सामना गरेका सिद्धान्तवादी कांग्रेस कार्यकर्ता पार्टी सत्तामा पुगेपछि सधैँ पछाडि पर्थे । किनकि, 'पाँचौँ तारा' को शक्तिले उनीहरु प्रताडित हुँदै आए । त्यसैले त बिपी कोइरालाले २०१५ सालतिरै भन्नुभएको रहेछ- सरकार बन्यो, अब सुकिलामुकिलाले हामीलाई घेर्नेछन् । यसलाई चिर्नुपर्छ । न त्यो चिरियो, न पुरानाले अवसर पाए । किनभने, नेपाली समाजको चेतना नै नोकरशाही चरित्रबाट विकास हुँदै आयो । जसले सुख, सुविधा र शीघ्र लाभ सुनिश्चित गरिदिन्छ, सबै त्यसका पछाडि लाग्ने भए । तिनका पछाडि नेता लाग्दा कार्यकर्ताले 'हो' मा 'हो' मिलाए । लाभका केही न केही अंश हात परेपछि सिद्धान्तवादी पनि बेलाबेलामा मुर्छित हुँदै आए । फलतः कांग्रेस तिनै 'पाँचौँ तारा' को कब्जामा रहँदै आयो । तिनले झण्डा बनेर घाम-पानी, आँधीहुरीमा पनि फर्फराइरहनु परेन । परेको बेला तिनलाई कसैले रोक्न-छेक्न नसक्ने भए यसरी कांग्रेसका जुन नेता प्रधानमन्त्री भए पनि 'जमिन्दार कांग्रेस' ले नै घेर्न पुग्थे । महंगा कपडा, मीठा खाने कुरा, आरामदायी जीवनशैलीको जोहो गर्न मनहिर पहुँचवाला कांग्रेसको हालिमुहालि अचाक्ली नै हुन्थ्यो । यसलाई अरु धेरै शब्दावली खर्च गरेर लेख्नै पर्दैन ।

फागुन २१ को प्रतिनिधिसभा सदस्य निर्वाचनका निम्ति समानुपातिक बन्दसूची बुझाउनुअघि कुन-कुन कांग्रेस हस्याङफस्याङ गर्दै बूढानीलकण्ठ पुगेका थिए र निर्वाचन आयोगले विशेष नामको महाधिवेशनका सभापतिलाई वैधानिकता दिएपछि उस्तै हस्याङफस्याङ गर्दै रातोपुलतिर झुल्किँदै थिए ? यत्ति कुरा हेर्दा चारतारे कांग्रेसका 'पाँचौँ तारा' हरु छर्लङ्ग देखिन्छन् ।

प्रजातन्त्रका लागि बाबुबाजेका पालादेखि लडेका पुराना कांग्रेस भेट्न पुग्दा उनीहरु झुत्रोमुत्रो भएर जान्थे । ती झुत्रामुत्रा मानिस विचारले उच्च, जीवनशैलीले सादा थिए । त्यसैले नेतृत्वको अधिल्तिर उनीहरु पहुँचमा हुने थिएनन् । कांग्रेस जीवनका कठिन वर्षहरु २००४, २००७, २०१७, २०१८, २०२८, २०३६, २०३८, २०३९, २०४२, २०४५, र २०५२ सालपछिका हरेक सङ्घर्षमा मारिएका वा घाइते पार्टीका साथी वा परिवारका सदस्य भेट्दा नेताका टाउको दुखाई हुन्थ्यो । हामी मुखै खोलेर भनेको सुन्थ्यौँ, 'फेरि यो के माग्न आयो ?'

जसको बलमा प्रजातन्त्र आयो, ऊभन्दा नजिक पहुँचवाला, अर्थात् बिचौलिया कांग्रेस नजिक लाग्ने नेताहरू कहिल्यै सच्चिएनन् । २०१६ सालमा नसच्चिएर २०१७ सालमा प्रजातन्त्र गयो । २०४६ पछि नसच्चिएर २०५९ सालमा राजाले 'कू' गरे । २०६२-०६३ पछि पाएको अवसरलई नसम्हाल्दा के-के भयो ? जागजाहेर छ । यो दुःख केवल सिद्धान्तवादीको मात्रै हो । 'पाँचौँ तारा', अर्थात् पहुँचवालालाई न २०१७ सालमा केही फरक परेको थियो । न त २०५९ मा नै । २०६२-०६३ पछि र गत वर्षको जेन-जी आन्दोलनपछि पनि उनीहरु उही लयमा नेतृत्वका वरिपरि घुमिरहे । । उनीहरुका लागि व्यवस्था र व्यक्ति फेरिएका हुन्, प्रवृत्ति त उही हो । तमाम घटनाक्रमले उक्त वर्गलाई केही फरक परेको छैन । फरक परेको छ त नेपाली कांग्रेसलाई नै ।

हिजोका ती पहुँचवाला कांग्रेस भेट्टाउन आज मुस्किल छ । भेट्टिहाल्यो भने ऊ कांग्रेसको पुरानो होइन, नयाँ संस्थापनतिर सरिसके । किनकि, पुरानमा कुने दम उसले भेट्दैन । न पुराना नेतमा दम भेट्छ, न नेताका नातेदारमा अनि, तिनीहरुले 'घाट' (क्याम्प) परिवर्तन गर्छन् । चरित्रतः उनीहरुका निम्ति यो नयाँ कुरा होइन । यस्तो भएपछि नेताहरु हेरेको हैरै हुन थालेका छन् । नयाँ नेता भने मख्ख पर्ने नै भए । किनकि, वरिपरि पहुँचवाला कांग्रेस छन् ।

पार्टीको ठूलो कार्यक्रममा लाग्ने खर्च उठाउन उसैले सिकाउँछ । स्वदेशी र विदेशी फण्ड उसैले जोहो गरिदिन्छ यति भएपछि नेताजीलाई ऊभन्दा प्यारो र नजिक अरू किन लाग्ने भए र ?

उनीहरुका निम्ति अब पुराना नेत, तिनका श्रीमती, छोराछोरी, ससुराली, अनि त्यो समूह नै 'खराब' भनेर पहुँचवालाको ब्रिफिङ्गले नयाँ नेताजीलाई लाग्छ- गज्जबको सल्लाहकार भेट्टियो । खानापिना, साधनस्रोत, छरछिमेक, देशमा पहुँच- गज्जब कांग्रेस भेट्टाउन सफल भएकोमा नेताजी भुईमा न भाँडामा हुन्छन् । लाग्छ, अहिलेसम्म यस्ता 'गुणग्राही' कांग्रेस कहाँ थिए होलान् ?

हुन त पुराना र नयाँ सबै पार्टीमा यस्तै चरीत्रवालाको पकड हुन्छ नै । त्यसमा पनि कांग्रेसमा पहुँचवालाको पहुँच बिचित्र कै छ। कुन ब्राण्डको रक्सी , कुन रङ्गको साडी, कुन लेभलको जीवनस्तर र कुन कुरा गर्दा काम फ्याट्ट हुनसक्छ ? त्यो कलामा निपूर्ण भएका पहुँचवाला कांग्रेसले कसैलाई छोडेनन्- चाहे ती प्रधानमन्त्री हुन् वा मन्त्री । हिजो गिरिजाप्रसाद कोइराला शक्तिमा हुँदा होस् वा शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा नै होस्- ती बिचौलिया नै सर्वेसर्वा हुन्थे । बिचारा, पुरानियाँ कांग्रेस त हेरेको हैरै । पुराना त पार्टी, प्रजातन्त्र र नेतालाई अप्ठ्यारो परेको बेला काँध थाप्न मात्रै काम लाग्ने न हुन । अघिपछि त किन चाहिन्थे र ?

सत्ताको वरिपरि घुम्ने पहुँचवालाको पहुँच कतिसम्म हुन्छ भने, कार्यकर्तालाई टिकट दिलाउने, उच्च तहका कर्मचारीको सरूवा-बढुवा, अर्थतन्त्रको उतार-चढाव र उस्तै परे मन्त्री बनाउने र फाल्नेसम्म ती पहुँचवालाको पहुँच हुन्थ्यो ।

सिधे नुन कि सेतो नुन, स्वास्थ्यका लागि कुन हो राम्रो ?

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २ साउन

सिधे नुन (रक साल्ट) सेतो नुनभन्दा बढी स्वास्थ्यकर हुन्छ भन्ने धारणा धेरै मानिसमा पाइन्छ ।

तर चिकित्सकहरू कुन नुन खाने भन्नेभन्दा पनि कति मात्रामा खाने भन्ने कुरा स्वास्थ्यका लागि धेरै महत्त्वपूर्ण हुने बताउँछन् ।

सेतो नुनलाई प्रशोधन गरी त्यसमा आयोडिन मिसाइन्छ । आयोडिन थाइराइड ग्रन्थिको कार्य र मस्तिष्कको विकासका लागि आवश्यक पोषक तत्त्व हो । विशेषगरी गर्भवती महिला र बालबालिकाका लागि पर्याप्त आयोडिन अत्यन्त आवश्यक छ ।

तर सिधे नुनमा आयोडिन हुँदैन । यसमा केही प्राकृतिक खनिज तत्त्व



भए पनि तिनको मात्रा निकै कम हुने भएकाले त्यसबाट विशेष स्वास्थ्य लाभ नहुने चिकित्सकहरू भन्छन् । सिधे नुन र सेतो नुन दुवैको मुख्य रासायनिक तत्त्व सोडियम क्लोराइड नै हो । सिधे नुन कम नुनिलो हुने भएकाले स्वाद मिलाउन धेरै हालिन्छ । यसले शरीरमा सोडियमको कुल मात्रा झन् बढ्न सक्ने उनीहरू बताउँछन् । चिकित्सकहरूले दैनिक खानपानमा आयोडिनयुक्त सेतो नुन प्रयोग गर्न र यसको मात्रा भने नियन्त्रणमा राख्न सुझाव दिएका छन् । साथै अचार, चटनी, साम्बार तथा धेरै नुन प्रयोग गरिएका प्रशोधित खाद्य पदार्थको सेवन सकेसम्म कम गर्न भन्छन् ।

के हो सिधे नुन?

सिधे नुनलाई हिमालयन रक साल्ट वा पिंक साल्ट पनि भनिन्छ । यो सामान्यतया प्रशोधन नगरी प्राकृतिक रूपमा बिक्री गरिन्छ । यद्यपि लामो समयसम्म सेतो नुनको सट्टा सिधे नुन मात्र प्रयोग गर्दा शरीरमा आयोडिनको कमी हुन सक्छ, जसले थाइराइडसम्बन्धी समस्या बढाउने जोखिम रहने चिकित्सकहरू बताउँछन् ।

सल्लाहसहितको यो सामग्रीले सामान्य जानकारी मात्र प्रदान गर्दछ । थप जानकारीका लागि सधैँ विशेषज्ञ वा आफ्नो डाक्टरसँग परामर्श गर्नुहोस् ।)

प्रदेशमा...

गरेर सरकारमा जाने प्रक्रिया पार्टीको मूल निर्णयसँग मेल नखाने बताएका छन् ।

उनका अनुसार प्रतिनिधिसभा निर्वाचनपछि बसेको केन्द्रीय कार्यसमन्वय समितिको बैठकले पार्टीलाई सत्ता केन्द्रित राजनीति भन्दा संगठन निर्माण र वैचारिक अभियानमा केन्द्रित हुने नीति दिएको थियो ।

तर अहिले प्रदेश सरकारमा सहभागी हुने विषयमा भइरहेको दौडधुपले पार्टीको मूल स्पिरिट नै कमजोर बनाएको उनको आरोप छ ।

उनले सरकारको नीति तथा बजेटसमेत पारित भइसकेको अवस्थामा सत्ता परिवर्तनको खेलमा लाग्नु आवश्यक नभएको भन्दै पार्टीभित्र व्यापक छलफल गरेर निर्णय सच्याउनुपर्ने माग गरेका छन् ।

यस्तै नेकपाका नेता नरेश भण्डारीले पनि कांग्रेससँगको सत्ता सहकार्यलाई कम्युनिस्ट आन्दोलनका लागि दीर्घकालीन रूपमा घातक हुने टिप्पणी गरेका छन् ।

उनले सामाजिक सञ्जालमा लेख्दै अहिले कम्युनिस्ट आन्दोलनलाई सत्ता होइन, आत्मसमीक्षा, वैचारिक रूपान्तरण र एकताको आवश्यकता रहेको उल्लेख गरेका छन् ।

उनका अनुसार कम्युनिस्ट शक्तिहरू सत्ता समीकरणमा अल्झिरहने हो भने आन्दोलन नै कमजोर बन्ने खतरा बढ्नेछ ।

चौरी-च्याङ्ग्रा पालनको डेढ करोड बजेट फिर्ता



काँक्रेविहार संवाददाता

हुम्ला, २ साउन

पशु अस्पताल तथा पशु विकास कार्यालय हुम्लाबाट आर्थिक वर्ष २०८२/८३ मा चौरी तथा च्याङ्ग्रा पालनका लागि विनियोजित एक करोड ५५ लाख रुपियाँ बजेट खर्च हुन नसकी फिर्ता गएको छ। कार्यक्रम सञ्चालनसम्बन्धी मापदण्ड पूरा गर्न सेवाग्राही असफल भएपछि बजेट फिर्ता भएको हो।

कार्यालय प्रमुख तथा पशु चिकित्सक नवीन पौडेलका अनुसार जिल्लालाई विशेष प्राथमिकतामा राखी पशुपन्छी स्रोत केन्द्र कार्यक्रमअन्तर्गत चौरी र च्याङ्ग्रा पालन प्रवर्द्धनका लागि बजेट विनियोजन गरिएको थियो। तर मन्त्रालयले तोकेको मापदण्डअनुसार कुनै पनि सेवाग्राहीको प्रस्ताव योग्य नठहरिएपछि कार्यक्रम सञ्चालन हुन सकेन।

कार्यक्रम सञ्चालनका लागि कार्यालयले प्रस्ताव आह्वान गरेको भए पनि मापदण्डअनुसारको कुनै प्रस्ताव प्राप्त नभएकाले बजेट खर्च हुन नसकेको उनले बताए।

कार्यक्रम सञ्चालनका लागि तय गरिएको नौबुँदे मापदण्डमध्ये न्यूनतम पूर्वाधारको व्यवस्था अनिवार्य थियो। यसमा उमेर, जात र लिङ्गअनुसार छुट्टाछुट्टै गोठ, क्वारेन्टाइन, स्वास्थ्य व्यवस्थापन, दाना-पानी, चरन, मलमूत्र व्यवस्थापन, जैविक सुरक्षा तथा औषधोपचारको व्यवस्था हुनुपर्ने उल्लेख थियो। साथै, पशुपन्छीको अभिलेख व्यवस्थापन र 'पेडिग्री सिट' अनिवार्य राख्नुपर्ने व्यवस्था पनि थियो। यी मापदण्ड पूरा गर्ने कुनै प्रस्ताव नआएकाले कार्यक्रम कार्यान्वयन हुन नसकेको पौडेलले बताए।

कार्यक्रमअन्तर्गत च्याङ्ग्रा पालनका लागि ५० लाख रुपियाँ तथा चौरी पालनका लागि २५ लाख रुपियाँ नाम्खा गाउँपालिका र सिमकोट गाउँपालिका-१ दोजाम क्षेत्रमा खर्च गर्न सकिने व्यवस्था थियो। बाँकी रकम जिल्लाभरका इच्छुक सेवाग्राहीले पशुपन्छी स्रोत केन्द्र सञ्चालनका लागि प्रस्ताव पेस गर्न सक्ने गरी सूचना प्रकाशित गरिएको थियो।

चौरी तथा च्याङ्ग्रा पालन व्यवसायलाई व्यावसायिक र प्रवर्द्धन गर्ने उद्देश्यका साथ ल्याइएको कार्यक्रम कार्यान्वयन हुन नसक्नु दुःखद भएको भन्दै आगामी वर्ष यस्ता कार्यक्रम प्रभावकारी बनाउन मापदण्ड परिमार्जन गर्न आवश्यक रहेको कार्यालयको निष्कर्ष छ।

यसैबिच, कृषि विकास कार्यालय हुम्लाले आर्थिक वर्ष २०८२/८३ मा कुल विनियोजित बजेटको ८५.९२ प्रतिशत वित्तीय प्रगति हासिल गरेको जनाएको छ।

कार्यालय प्रमुख चुडामणि पन्तका अनुसार प्रदेश सरकारबाट प्राप्त नौ करोड ६७ लाख ७३ हजार रुपियाँमध्ये आठ करोड ३१ लाख ३५ हजार रुपियाँ खर्च भएको छ। पुँजीगततर्फ विनियोजित तीन करोड १५ लाख ७० हजार रुपियाँमध्ये दुई करोड ६६ लाख ४६ हजार रुपियाँ खर्च भई ८४.४ प्रतिशत प्रगति हासिल भएको उहाँले जानकारी दिए। उनका अनुसार कार्यालयले कृषि क्षेत्रसँग सम्बन्धित विभिन्न कार्यक्रम सञ्चालन गरेको थियो।

पालिकाको अस्वाभाविक इन्धन खर्च



काँक्रेविहार संवाददाता

जुम्ला, २ साउन

जुम्लाको कनकासुन्दरी गाउँपालिकाले इन्धनको प्रयोगमा अस्वाभाविक खर्च गरेको पाइएको छ।

गाउँपालिकाले सवारीसाधनको प्रयोगसम्बन्धी आवश्यक लगबुक व्यवस्थित नगरी २६ लाख पाँच हजार ४३७ रुपियाँ इन्धनमा खर्च गरेको छ। महालेखा परीक्षकको प्रतिवेदनले सवारीसाधनको वास्तविक प्रयोग पुष्टि हुने अभिलेख नहुँदा इन्धन खर्चको यथार्थता नै पुष्टि गर्न नसकिने जनाएको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार खर्च भुक्तानीअघि आवश्यक बिल, भरपाई र प्रमाण कागजातको परीक्षण गर्नुपर्ने व्यवस्था छ। साथै महालेखा परीक्षक फाराम नम्बर ९०५ अनुसार प्रत्येक सवारी साधनको दैनिक लगबुकमा मिति, गन्तव्य, सुरु र अन्त्यको मिटर रिडिङ तथा सवार कर्मचारीको विवरण उल्लेख हुनु पर्छ।

पालिकाले विभिन्न मितिका इन्धन बिलका लागि एकमुष्ट लगबुक नराखेको, कतिपय अभिलेखमा गन्तव्य र सवार कर्मचारीको हस्ताक्षरसमेत नराखेको पाइएको छ। यस्तो अवस्थाले इन्धन खर्चको औचित्य पुष्टि गर्न सकेको छैन।

महालेखाले सम्बन्धितलाई जिम्मेवार बनाई तोकिएबमोजिम लगबुक राख्न र अन्यथा सम्बन्धित व्यक्तिबाट रकम असुल गर्न निर्देशन दिएको छ। महालेखाले वडा नं. ७ का वडाध्यक्षले गोश्वारा भौचर नं. २०४ (२०८२-०३-०५) मार्फत ९९ हजार २३१ रुपियाँ पेट्रोल खर्च देखाएको विषयमा पनि प्रश्न उठाएको छ। प्रतिवेदन अनुसार कार्यालयबाट समेत सोही प्रयोजनमा इन्धन खर्च भएको जानकारी प्राप्त भए पनि सम्बन्धित खर्चको लगबुक पेस नगरिएकाले वास्तविक खर्च यकिन गर्नुपर्ने उल्लेख गरिएको छ।

यस्तै पालिकाले २३ वटा सवारीसाधनको समयमै नवीकरण नगर्दा ४४ हजार ४४४ रुपियाँ जरिबाना तिर्नु परेको पनि उल्लेख छ। सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०७८ विपरीत अतिरिक्त आर्थिक भार परेको भन्दै महालेखाले भविष्यमा सवारी साधन समयमै नवीकरण गरी अनावश्यक जरिबाना तिर्ने अवस्था अन्त्य गर्न निर्देशन दिएको छ।

यता गाउँपालिका अध्यक्ष दामोदरप्रसाद आचार्यले इन्धन खर्च अन्य पालिकाको तुलनामा कम भएको बताए। गाउँपालिकाले दुई वटा एम्बुलेन्स सञ्चालन गरेको छ। जनप्रतिनिधि चढ्ने सवारीसाधन भएकाले इन्धनमा हुने खर्च स्वाभाविक भएको उनको भनाइ छ। अरू गाउँपालिकाभन्दा कनकासुन्दरीमा इन्धन खर्च कम भएको आचार्यले बताए। इन्धनमा मितव्ययिता अपनाइएको उनको दाबी छ।

साउने संक्रान्तिमा राँका बालेर उज्यालिए कर्णालीका बस्ती



काँक्रेविहार संवाददाता

जुम्ला, २ साउन

जुम्लामा खस संस्कृतिको परम्परागत पर्वका रूपमा मनाइँदै आएको साउने संक्रान्ति यस वर्ष पनि राँका बालेर मनाइएको छ। स्थानीयले घरका छत, आँगन र ओटालोमा राँका बालेर बस्ती उज्यालो बनाउँदै संक्रान्ति मनाएका हुन्।

परम्पराअनुसार जुम्लाका बासिन्दाले राँका बाल्दै आफ्नो गाउँबाट अर्को गाउँतर्फ गाली गर्ने चलनलाई निरन्तरता दिएका छन्। बेलुकी झिसमिसे समयमा जुम्लाका बस्तीहरू राँकाको उज्यालोले झलमल भएका थिए।

हरेक घरमा परिवारका सदस्य संख्याअनुसार राँका बाल्ने चलन रहेको छ। घरको फोहोर, रोगव्याधि तथा नकारात्मक कुरा हटोस् भन्ने कामनासहित राँका बाल्ने परम्परा जुम्लासहित कर्णाली क्षेत्रमा रहँदै आएको छ।

साउन १ गते नेपाली भाषाको उद्गमस्थल सिंजा क्षेत्रसहित जुम्लाका विभिन्न स्थानमा राँका बालेर साउने संक्रान्ति मनाइएको हो। यो अवसरमा आगोको राँका बाल्नेबित्तिकै घरका परिवारका सदस्यले ठुलो स्वरमा कराउने र छिमेकी गाउँलाई गाली गर्ने परम्परा रहेको छ।

राँका बालिसकेपछि विभिन्न प्रकारका परिकार बनाएर खाने चलन पनि रहेको छ। राँका बाल्ने क्रममा दमाहा, तालगायत बाजा बजाउने परम्परा पनि रहेको स्थानीय बताउँछन्।

जुम्ला सदरमुकाम खलङ्गासहित जिल्लाका गाउँबस्तीमा एकैपटक राँका बालेर साउने संक्रान्तिको सन्देश दिने परम्परा अझै जीवित छ। यस वर्ष पनि करिब एक घण्टासम्म गाउँबस्तीहरू राँकाको उज्यालोले झलमल भएका थिए। परिवारका सदस्यअनुसार हजारौँ राँका एकैपटक बल्दा देखिने दृश्य आकर्षक हुने गरेको छ।

खस संस्कृतिका जानकार तथा कनकासुन्दरी गाउँपालिका निवासी तुङ्गनाथ उपाध्यायका अनुसार यो परम्पराले खस सभ्यता र संस्कृतिलाई बोकेको छ। साउन १ गते यस क्षेत्रमा स्थानीय बिदा दिने चलन रहँदै आएकोमा यस वर्ष कर्णाली प्रदेश सरकारले राजपत्रमार्फत सार्वजनिक बिदासमेत दिएको छ।

पछिल्लो समय बढ्दो बजारीकरण र आधुनिक घर निर्माणका कारण राँका बाल्ने परम्परामा केही चुनौती थपिएको छ। जुम्ला सदरमुकाममा टिन र सिमेन्टका घर बढ्दै गएकाले छतमा राँका बाल्न असहज हुन थालेपछि कतिपयले सडक र खुला स्थानमा राँका बाल्न थालेका छन्।

गगनसँग मिल्ने सम्भावना सकिएको देउवा समूहको निष्कर्ष, थाल्यो नयाँ पार्टीको तयारी

काँक्रेविहार संवाददाता

काठमाडौं, २ साउन

नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा समूहले सभापति गगन थापासँग मिल्ने सम्भावना सकिएको निष्कर्ष निकालेको छ।


चुनदेवीस्थित सम्पर्क कार्यालयमा हिजो इतर पक्षको नेतृत्व गरिरहेका नेता पूर्णबहादुर खड्काले देउवा समूहको शीर्ष नेताहरूको बैठक राखेका थिए।

शनिवारको बैठकमा तीन विषयमा छलफल भएको नेता मीनबहादुर विश्वकर्माले बताए।

उनका अनुसार बिपी स्मृति दिवसको तयारी, पार्टी एकताको लागि गठित समिति र सुदृढीकरणबारे र आगामी रणनीतिबारे छलफल भएको थियो।

पार्टी एकताको सम्भावना सकिएको निष्कर्षसहित राष्ट्रिय भेला बोलाउने बैठकले निर्णय गरेको बताए। साउन २४ देखि २९ को बीचमा भेला राख्ने तयारी भएको जानकारी गराए।

भनेपछि मिल्न नसक्ने निष्कर्षमा पुग्नुभयो? भन्ने जिज्ञासामा उनले भने, 'मिल्ने लक्षण अब ९९ प्रतिशत



देखिन्न।'उनले सहमतिको लागि संस्थापन पक्षबाट वार्ताको कुनै प्रयास नभएको आरोप लगाए।

उनले भने, 'हामी त बाहिर छौं के गर्न सक्छौं र ? हामीले मिलाऊँ भन्ने नै त हो। तर उहाँहरू आउनुहुन्छ, भनेको कुरा सबै गर्छु भन्नुहुन्छ, भोलि आउँछु भन्नुहुन्छ, भोलिपल्ट आउनुहुन्न। महिनौं दिनसम्म आउनुहुन्न।'

उनले संस्थापन पक्षलाई नै मिल्न मन नलागेको हुनसक्ने जिकिर गरे। उनले नयाँ बाटो रोक्ने कुरा भएपनि नेतृत्व, नीति र विधानबारे विस्तारै छलफल हुने बताए।

उनले भने, 'नयाँ बाटो रोज्ने भन्ने कुरा भइहाल्यो। अब नेतृत्व, नीति, राजनीतिक सिद्धान्त, दर्शन, सबै साङ्गठनिक संरचना, वैधानिक व्यवस्था, पार्टी पार्टी सञ्चालनको विधि सबै तयारी गरेर जान्छ।'

नयाँ पार्टीको सम्भावित नेतृत्वबारे सोधिएको प्रश्नमा उनले थपे, 'सबै कुरा तयारी हुँदै जान्छ। प्याकेजमा तयारी हुन्छ।'

पार्टीको नाम, चुनाव चिन्हलगायतको विषयमा पनि विस्तारै छलफल हुने बताए।

उनले थपे, 'नयाँ बाटो जाने, त्यसका लागि सम्पूर्ण तयारीका लागि छलफल गर्छौं। नीति, नेतृत्व, साङ्गठनिक संरचना, वैधानिक, कानुनी व्यवस्था सबै कुरा अब अगाडि बढ्छ।'

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सार्वजनिक खरिद ऐन संशोधन :

न्यून दरको प्रतिस्पर्धा अन्त्य हुने, निर्माण क्षेत्र उत्साहित



❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २ असार

सरकारले पूर्वाधार विकासलाई तोकिएकै समयमा गुणस्तरीय रूपमा सम्पन्न गर्ने उद्देश्यले सार्वजनिक खरिद ऐन, २०६३ को दोस्रो संशोधन गरेको छ। यस संशोधनलाई निर्माण व्यवसायीहरूले पूर्वाधार विकास क्षेत्रमा गरिएको एक ऐतिहासिक सुधारका रूपमा लिएका छन्। वर्षौंदेखि कायम रहेको अत्यधिक न्यून दर (लो बिडिङ) को प्रतिष्पर्धालाई यस संशोधनले अन्त्य गर्ने व्यवसायीहरूको भनाइ छ। यसबाट गुणस्तरीय प्रतिस्पर्धा बढ्ने र लामो समयसम्म आयोजनाहरू अलपत्र पर्ने प्रवृत्तिको समेत अन्त्य हुने दाबी निर्माण व्यवसायीहरूले गरेका छन्। नयाँ कानुनी व्यवस्थाले निर्माण व्यवसायीहरूलाई उत्साहित बनाएको छ। औसत बोलपत्र प्रणालीले पायो प्राथमिकता नेपाल निर्माण व्यवसायी महासंघका उपाध्यक्ष शहदेव खड्काका अनुसार संशोधित व्यवस्थाले औसत (एभरेज) बोलपत्र प्रणालीलाई प्राथमिकता दिएको छ। यसबाट अत्यधिक कम दरमा ठेक्का हाल्ने प्रवृत्तिको अन्त्य हुनेछ। अब ३० प्रतिशतभन्दा बढी कम दरमा परेको बोलपत्र मूल्यांकन नहुने व्यवस्था गरिएको छ। यसले गर्दा ठेक्का सामान्यतया १० देखि १५ प्रतिशतसम्मको दायराभित्र प्रतिस्पर्धात्मक रूपमा वितरण हुनेछ।

विगतको अभ्यास सम्झँदै खड्काले भने, 'विगतमा अत्यन्तै कम मूल्यमा ठेक्का लिने होडबाजीका कारण धेरै निर्माण व्यवसायी धराशायी भए।' काम हात पार्न अनावश्यक र अस्वस्थ प्रतिस्पर्धा हुँदा अत्यधिक घटेर ठेक्का हाल्ने प्रवृत्ति बढेको उल्लेख गर्दै उनले थपे, 'यो संशोधनले एभरेज बिडको व्यवस्था गरेको छ, अब ३० प्रतिशतभन्दा बढी कम दरमा परेको बिड मूल्याङ्कन नै नहुने भएकाले ठेक्का ३० प्रतिशतभित्रकै प्रतिष्पर्धामा सीमित हुन्छ।'

सबै बिडको औसत हेर्दा सामान्यतया ५ देखि १५ प्रतिशतसम्म मात्रै कम दरमा ठेक्का पाउने अवस्था देखिने खड्काको विश्लेषण छ। यसले निर्माण व्यवसायीका लागि राहत पुग्ने मात्र नभई राज्यका लागि पनि फाइदाजनक हुने उनी बताउँछन्। 'अत्यधिक घटाएर ठेक्का लिनुभन्दा उचित दरमा काम लिएर समयमै सम्पन्न गर्न सकियो भने राज्यले अपेक्षा गरेको गुणस्तरीय नतिजा पनि प्राप्त हुन्छ,' उनले भने।

भेरिएसन अधिकारको विकेन्द्रीकरण

नयाँ संशोधनले भेरिएसन अर्डर सम्बन्धी अधिकारलाई पनि विकेन्द्रीकरण गरेको छ। जसअनुसार ५ प्रतिशतसम्मको भेरिएसन आयोजना प्रमुख, १० प्रतिशतसम्म उपसचिव वा डिभिजन प्रमुख र १५ प्रतिशतसम्म प्रथम श्रेणीका अधिकारीबाट स्वीकृत गर्न सकिने व्यवस्था गरिएको छ। यसभन्दा माथिको अधिकार भने विभागीय प्रमुखलाई रहनेछ। यस व्यवस्थाले फाइल अड्किने पुरानो समस्याको अन्त्य भई आयोजना कार्यान्वयनमा तीव्रता आउने विश्वास गरिएको छ। यसअघि पोजेटिभ र नेगेटिभ दुवै प्रकारका भेरिएसन स्वीकृतिमा धेरै कानुनी तथा प्रशासनिक झन्झट रहेको खड्काले बताए। विशेषगरी कन्ट्रयाक्ट फाइनल गर्नुपर्ने फाइलहरू विभागमा लामो समयसम्म अड्किने समस्या रहेकोमा अब भेरिएसन स्वीकृतिको अधिकार विकेन्द्रीकरण गरिएको उनले जानकारी दिए। यस व्यवस्थाले देशभरिका निर्माण व्यवसायीलाई ठुलो राहत पुग्ने उल्लेख गर्दै उनले भने, 'अब पोजेटिभ भेरिएसन होस्, नेगेटिभ भेरिएसन होस् वा कन्ट्रयाक्ट फाइनल गर्न आवश्यक प्रक्रिया–यी सबै विषय आयोजना वा डिभिजन स्तरबाटै सहज रूपमा टुङ्ग्याउन सकिनेछ।'

निर्माण व्यवसायीलाई घाटा नहुने वातावरण महासंघका पूर्वअध्यक्ष रमेश शर्माले पनि औसत बोलपत्र प्रणालीलाई संशोधनको सबैभन्दा महत्वपूर्ण उपलब्धि भनेका छन्। वर्षौंदेखि निर्माण व्यवसायीलाई घाटामा पुऱ्याएको लो बिडिङलाई यस संशोधनले निरुत्साहित गर्ने उनको भनाइ छ।

सरकारको नियतमा शङ्का छैन, कमजोरी भए निर्णय सच्याउन सकिन्छ : रवि लामिछाने



❐ काँक्रेविहार संवाददाता

काठमाडौं, २ असार

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले वर्तमान सरकारको नियतमा कुनै पनि शङ्का नगर्न आग्रह गरेका छन्। रौतहटका पार्टी नवप्रवेशीहरूलाई स्वागत गर्दै उनले सरकारका निर्णयहरूमा कहिलेकाहीं समस्या आउन सक्ने र त्यसलाई सच्याउन तयार रहेको बताएका हुन्।

खराब नियत भएमा सच्याउन गाह्रो हुने उल्लेख गर्दै उनले असल सोच राखेर काम गर्दागर्दै पनि कहिलेकाहीं विवाद आउन सक्ने धारणा राखे। सभापति लामिछानेले कहिलेकाहीं किसानको पक्षमा भनेर गरिएका निर्णयहरू व्यावहारिक रूपमा फिल्डमा जाँदा विपक्षमा परिणत हुन सक्ने स्वीकार गरे।

सरकारले जसको लाभका लागि निर्णय गरेको हो, त्यसबाट हानि पुगेको खण्डमा निर्णयहरू परिवर्तन हुने उनले स्पष्ट पारे। कुनै कामले धेरै ठुलो क्षति पुऱ्याएमा तत्काल परिमार्जन गर्नुपर्ने भएकाले सरकारलाई अलिकति समय दिनुपर्ने उनको भनाइ छ। नेतृत्वले एउटा निश्चित उद्देश्य र दृष्टिकोण राखेर योजना ल्याउने हुनाले कार्यान्वयनका केही चुनौतीकै कारण ती योजना खराब वा खतम नहुने उनले दाबी गरे।

नयाँ नेताहरूलाई स्वागत गर्दै लामिछानेले भने- 'तपाईंलाई म के विश्वास गर्न चाहन्छु भने सरकारको नियतमा कुनै पनि शङ्का छैन, निर्णयहरूमा कहिलेकाहीं समस्या आउन सक्छ र त्यसलाई करेक्सन गर्न चाहिन्छ।' कार्यान्वयनका क्रममा आउने चुनौतीले बाहिर भ्रम सिर्जना हुने तर्फ उनले सचेत गराए।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति: २०८३/०४/०३

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२/१०/१८ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **बितोकु इन्टरनेशनल एजुकेशन कन्सलटेन्सी वी.न.पा-६, सुर्खेत** (प्रा.लि.नं. ६२३५३३७२३) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **मानाविया नेपाल एजुकेशन कन्सलटेन्सी वी.न.पा-६, सुर्खेत**ले स्वीकार्ने ब्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)